दुर्गा भगवती गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय,दुर्गा भगवती, रौतहट

२ नं प्रदेश नेपाल

पत्र संख्या :-

## आन्तरिक आय ठेक्का सम्बन्धी शिलबन्दी बोलपत्र आह्वानको सूचना ।

(प्रथम पटक प्रकाशीत भएको मिति २०७५/०४/६ )

सार्वजनिक खरिद ऐन २०६३ नियमावली २०६४ अनुसार विभिन्न आय ठेक्काहरु बन्दोवस्त गर्नु पर्ने भएकोले तपशिलमा उल्लेखित ठेक्का विवरण शर्तहरुको अधिनमा रही व्यक्ति वा फर्मले नेपाली नागरिकताको प्रतिलिपि संलग्न राखी बोलपत्र खरिद गर्न पेश गर्नुपर्ने छ र निजले यस कार्यालय समय भित्र रीतपूर्वक निवेदन दिई यस कार्यालयवाट बोलपत्र फारम खरिद गर्न सकिनेछ । तपशिलमा उल्लेख भए अनुसारको ठेक्काको लागि तपशिल अनुसार बोलपत्र दस्तुर यस गाँ.पा. मा जम्मा गरि सो को नगदी रसिद (पछि फिर्ता नहुने गरी) पेश गरि रीतपूर्वकको गोप्य शिलबन्दी बोलपत्र पेश गर्न सम्बन्धित सबैको जानकारीको १५ (पन्द्रह) दिने सूचना प्रकाशन गरिएको छ ।

तपशिल

| क्र. सं | ठेक्का नम्बर | ठेक्का विवरण | उठाउनु पर्ने क्षेत्र | न्युन्तम कबोल अंक | बोलपत्र फारम दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|---|---|
| १. | १ | बागमती नदीको शसस्त्र वेशकैम्प भलोहिया देखि वाडा नं.५ को वडहर्वा सिमाना सम्मको माछा ठेक्का । | सोशि एरियामा | 3,00,000. | 1000. | कबोल अंकको ५% |
| २. | २ | झाझ नदीको भलोहिया सिमाना देखि वाडा नं.५ को वर्डहवा सिमाना सम्मको माछा ठेक्का । | सोहि क्षेत्र भित्र | 5,00,000. | 1000. | " |
| ३ | ३ | गंगापिप्रा गाई,गोरु बजार कर दस्तुर संकलन ठेक्का । | सोहि क्षेत्र भित्र | 2,50,000. | 1000. | " |
| ४ | ४ | गंगापिप्रा तरकारी बजार र गुदरी बजार बिटेरी कर ठेक्का । | सोहि क्षेत्र भित्र | 2,50,000. | 1000. | " |

नि० प्रमुख प्रशासकीय अधिकृत
दुर्गा भगवती गाउँपालिका
गंगापिपरा, रौतहट

**शर्त तथा बन्देज :**

ठेक्का अवधि २०७५ श्रावण १ (सम्झौता मिति देखि लागु भई) देखि २०७६ असाढ मसान्त सम्म मात्र (१ (एक) वर्षको लागी) हुनेछ ।

२. ठेक्काको लागी बोलपत्र फारम यो सुचना प्रथम पटक प्रकाशित मितिले १५ (पन्द्रह) औं दिन सम्म दुर्गा भगवती गाउँपालिका बाट खरिद गर्न सकिने छ र यसरी खरिद भएका बोलपत्र १६ (सोरह) औं दिन दिनको १२:०० बजे सम्म दुर्गा भगवती न.पा. रौतहटमा शिलबन्दी दर्ता गर्न सकिने छ ।

३. बोलपत्र फारम खरिद एवं दर्ता गर्ने अन्तिम दिन विदा पर्न गएमा कार्यालय खुलेको दिनलाई क्रमश: अन्तिम दिन मानिने छ ।

४. विभिन्न ठेक्काहरुको टेन्डर फाराममा उल्लेख भए अनुसार कबोल अंक ठेक्का नम्बर खुलाई अलग अलग रुपमा छुटा छुटै फाराममा छुटा छुटै खाममा ठेक्काको नाम उल्लेख गरि शिलबन्दी गरि पेश गनुपर्ने छ ।

५. शिलबन्दी बोलपत्र दखिला गर्दा कुनै किसिमको शर्त मान्य हुने छैन । बोलपत्र दाताले कबोल गरेको रकमको अंक र अक्षरमा स्पस्ट लेख्नु पर्ने छ अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेको लाई मान्यता दिईने छ ।

६. दर्ता भएका शिलबन्दी बोलपत्र सोही दिन दिनको २:०० (दुई) बजे यस कार्यालयमा सम्बन्धित कार्यालयका प्रतिनिधीहरु र बोलपत्र दाताका प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । साथै बोलपत्र खोल्ने समयमा बोलपत्र दाताको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

७. बोलपत्र दाताले बोलपत्र दर्ता गर्दा आफुले कबोल गरेको अंकको ५% ले हुन आउने रकम यस कार्यालयको रा.बा.बैक गौर स्थित १२१०३०३०० धरौटी खातामा जम्मा गरेको सक्कलै बैक भौचर वा नगद/ यस कार्यालयको नाममा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंकबाट जारी भएको कम्तीमा ९० दिन म्याद भएको बैक ग्यारेन्टी (बिडबण्ड) बोलपत्र साथ पेश गर्नुपर्ने छ ।

८. बोलपत्र स्वीकृत भई सकेपछि सकार गरेको कुल रकम बुझाए पछि मात्र सम्झौता गरि चलन पुर्जी दिइनेछ ।

९. प्रचलित कानुन अनुसार ठेक्का वापत लाग्ने सम्पूर्ण कर दस्तुर ठेक्दार स्वंयमले व्यहोर्नु पर्नेछ ।

१०. बोलपत्र फारम स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार यस कार्यालयमा निहित रहनेछ । ठेक्का स्वीकृत भई सम्झौता भई सके पछि मानव सृजित बन्द, हडताल, चक्का जाम जस्ता अवस्थाले कुनै किसिमको माफि मिन्हा दिईने छैन ।

११. ठेक्का स्विकृत भएको मितिले ७ दिन भित्र नियमानुसार बुझाउनु पर्ने रकम बुझाई सम्झौता गरि चलन पूर्जी लिई सक्नु पर्नेछ अन्यथा ठेक्का रद्ध गरि प्रचलित नियमानुसार हुनेछ ।

१२. ठेक्का चलन गर्दा यस कार्यालयले तोके बमोजीम ढाचाको रसिद ठेक्दार आफैले छपाई कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नु पर्नेछ ।

१३. ढाट (तगारो) राखी वा अन्य कुनै प्रकारको अवरोध खडा गरि कर लिन पाईने छैन ।

१४. कानुनले निषेध गरेको वस्तु वा सामानमा कर लिन पाइने छैन र यस बापत कुनै माफि मिन्हा समेत दाबी गर्न पाईने छैन र त्यसको कुनै माफि मिन्हा दिइने छैन ।

१५. ठेक्का सम्बन्धी कार्यालय तथा ठेक्कदार विच कुनै विवाद उत्पन्न भएमा दुर्गा भगवती गाउँपालिकाको निर्णय अनुसार हुनेछ साथै प्रदेश सरकार वा यस गाउँपालिकाले वेला बेलामा आवश्यक निर्देशन दिन सक्नेछ र उक्त निर्देशन पालना गर्नु सम्बन्धीत ठेक्दारको कर्तव्य हुनेछ ।

२०७५/०३/
प्रमुख प्रशासकिय अधिकृत
दुर्गा भगवती गाउँपालिका

यसमा उल्लेख नभएका व्यहाराका हकमा सार्वजनिक खरिद ऐन २०६३ नियमावली २०६४ का साथ अन्य प्रचलित ऐन नियम अनुसार हुनेछ ।

## कर, दस्तुर संकलन दररेट निम्न बमोजीम रहने छ ।

(१) गाई गोरु बजार :

| क.सं. | बिबरण | इकाई /प्रति | कर रकम रु. |
|---|---|---|---|
| १. | गाई, गोरु खरिद बिक्रि | जोडा | ६००।- |
| २. | गाई, गोरु खरिद बिक्रि | प्रति पिस | ३००।- |

२. बिटारी कर (तरकारी बजार) संकलनको दर रेट

| क.सं. | बिबरण | इकाई /प्रति | कर रकम रु. |
|---|---|---|---|
| १. | खसी, बोका, बाखा खरिद बिक्रि | गोटा | ३०।- |
| २. | तरकारी | टोकरी | १५। |
| ३. | मुर्गा मासु | ठेहा | २०। |
| ४ | बजारमा साइकलबाट ल्याउने सामान | साईकल | १५। |
| ५ | कचरी मुरी मिठाई वाला | प्रति | १५। |
| ६ | केस दारी बनाउने हजाम | प्रति | १५। |
| ७ | मोचि | प्रति | १०। |
| ८ | माछा बिक्रि | प्रति | २५। |
| ९ | टायर गाढा वाला संग | प्रति | १००। |
| १० | पारचुन तथा बिसाधी | प्रति | १०। |
| ११ | खसी बोका बनाउने | प्रति गोटा | २०। |

प्रमुख प्रशासकीय अधिकृत
दुर्गा भगवती गाउँपालिका
रौतहट